मिति : २०८०/०५/२२, कापा बैठक संख्या: ५-०८०/८१

कञ्चन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन-२, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## प्रस्तावहरु

१. आवधिक योजना स्वीकृती सम्बन्धमा,
२. दर रेट स्वीकृती सम्बन्धमा,
३. पुराना घरहरूको सम्पत्ति मूल्याङ्कन सम्वन्धमा,
४. ईलाका प्रशासन कार्यालय मानपकडीबाट सेवा लिने सम्बन्धमा,
५. दियो सभाहलको सेवा शुल्क सम्वन्धमा,
६. राजस्व परिचालन तथा सेवा प्रवाह सरिलकरण सम्वन्धमा,
७. छुट कित्ताहरूको वर्गिकरण सम्बन्धमा

## निर्णयहरु

### १. आवधिक योजना स्वीकृती सम्वन्धमा

कञ्चन गाउँपालिकाको आवधिक योजना निर्माण गर्नका लागि सार्वजनिक खरीद ऐन, २०६३ र नियमावली, २०६४ ले तोकेको प्रक्रिया बमोजिम **Alaana International Services Pvt. Ltd., New Baneshwor Kathmandu** सँग सम्झौता भई कायदिश दिइएकोमा उक्त संस्थाले पेश गरेको अन्तिम मस्यौदा उपर मिति २०८० भाद्र ८ गते बसेको गाउँपालिकाका जनप्रतिनिधि, शाखा प्रमुख तथा गाउँपालिकास्थित विभिन्न राजनीतिक दलहरूको बैठकमा वृहत छलफल भई उठेका विषयवस्तु समेटी पेश भएको कञ्चन गाउँपालिकाको आवधिक योजना २०८०/८१-२०८५/८६ स्वीकृत गर्ने । तथा उक्त आवधिक योजनालाई प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

### २. दर रेट स्वीकृती सम्वन्धमा

जिल्ला प्रशासन कार्यालयद्वारा स्वीकृत जिल्ला दररेटमा यस गाउँपालिकामा खरिद हुने कतिपय वस्तुहरूको दररेट समावेश नभएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम प्रत्येक स्थानीय तहले आफ्नो दररेट स्वीकृत गरी लागू गर्न सक्ने व्यवस्था भए बमोजिम कृषि, पशु तथा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित वस्तुहरूको दररेट कायम गर्ने प्रयोजनार्थ सार्वजनिक सूचना आव्हान गरी दररेट माग भएकोमा प्राप्त दररेटलाई औषत गरी निकालिएको दररेटलाई यस गाउँपालिकाको दररेट हुने गरी स्वीकृत गर्ने ।

### ३. पुराना घरहरूको सम्पत्ति मूल्याङ्कन सम्वन्धमा

विभिन्न निकायहरूबाट यस गाउँपालिंकामा अवस्थित पुराना भौतिक संरचनाको मूल्याङ्कन गरी पठाउन माग भएको अवस्थामा सम्पत्तिको मूल्याङ्कन प्रयोजनार्थ सम्बन्धित वडा कार्यालयको सिफारिसमा देहाय अनुसार मूल्याङ्कन गर्ने।

| क्र.सं. | भवनको बनौटको प्रकृति | दर | ह्रास कट्टी | ह्रास कट्टी गरिने वर्ष |
|---|---|---|---|---|
| १ | भित्र काचो बाहिर पाको ईटामा माटोको जोडाई भएको वा काठै काठले बनेको | रू. ५०० | ३ प्रति वर्ष प्रतिशतमा | २५ वर्ष |

| | | | | |
|---|---|---|---|---|
| | र जस्ता, झिंगटी, टायलको छाना भएको घर | | | |
| २ | भित्र बाहिर पाको ईटामा वा ढुङ्गामा माटोको जोडाई भइ सिमेण्ट प्लाष्टर भएको जस्ता, झिंगटी, टायलको छाना भएको घर | रू.५५० | २ प्रति वर्ष प्रतिशतमा | ३० वर्ष |
| ३ | भित्र बाहिर पाको ईटामा वा ढुङ्गामा सिमेण्ट जोडाई प्लाष्टर भएको RCC/RBC छाना भएको घर | रू.९०० | १ प्रति वर्ष प्रतिशतमा | ७० वर्ष |
| ४ | RCC फ्रेम स्टक्चर भएको घर | | ०.७५ प्रति वर्ष प्रतिशतमा | १०० वर्ष |
| | आवासीय भवन | रू.११०० | | |
| | व्यावसायिक/संस्थागत भवन | रू.१३०० | | |

४. **ईलाका प्रशासन कार्यालय मानपकडीबाट सेवा लिने सम्बन्धमा,**

रूपन्देही जिल्लाको शुद्धोधन गाउँपालिका मानपकडीमा ईलाका प्रशासन कार्यालय स्थापना भई पायक पर्ने स्थानीय तहहरूले सेवा उक्त कार्यालयबाट सम्पादन गर्ने भनिएता पनि गाउँपालिकाका केही वडाहरू भूगोलका हिसाबले उक्त स्थान नजिक भएपनि यातायात सुविधा लगायतका कारणले अपायक पर्ने हुँदा यस गाउँपालिकाका सेवाहरू ईलाका प्रशासन कार्यालय बुटवलबाट नै सम्पादन हुने गरी कायम गर्नका लागि अनुरोध गर्ने ।

५. **दियो सभाहलको सेवा शुल्क सम्बन्धमा,**

कञ्चन गाउँपालिका वडा नं. ४ दियो स्थित गाउँपालिका मातहत रहेको सभाहल विगतमा कार्यक्रम सञ्चालनका लागि विभिन्न संस्थाहरूलाई निःशुल्क प्रयोग गर्न दिइएकोमा उक्त सभाहलको सरसफाई व्यवस्थापन तथा भौतिक संरचनाको मर्मत संभार लगायतका कार्यमा कठिनाइ भएकोले २०८० भाद्र २२ गतेदेखि लागू हुने गरी यस गाउँपालिकाको आयोजनामा हुने कार्यक्रम वाहेक अन्य संघ-संस्था तथा राजनीतिक दलहरूलाई सभाहल प्रयोग वापत प्रतिदिन रू. १०००/- का दरले रसिद काटी सभाहल प्रयोग गर्न अनुमति दिने र उक्त भाडा वापत प्राप्त रकमको ५०% सभाहलको सरसफाई तथा रेखदेख गर्ने व्यक्तिलाई प्रोत्साहन स्वरूप उपलब्ध गराउने ।

६. **राजस्व परिचालन तथा सेवा प्रवाह सरिलकरण सम्बन्धमा,**

यस गाउँपालिकाको आर्थिक ऐनबाट निर्दिष्ट भए बमोजिमको आन्तरिक राजस्व संकलन कार्यलाई प्रभावकारी बनाउन तथा कार्यालयबाट उपलब्ध गराइने सेवालाई सरलिकृत एवं सेवाग्राही मैत्री बनाउनका लागि देहाय अनुसार गर्ने :

- प्रत्येक टोल, वस्ती र समुदायमा कर तिर्नको लागि सम्बन्धित वडा कार्यालयका जनप्रतिनिधि एवं कर्मचारी मार्फत प्रेरित गर्ने,

मिति : २०८०/०५/२९, कार्यपालिका बैठक संख्या:५-०८०/८१

- कर तथा सेवा शुल्क संकलन गरे पश्चात् सेवाग्राहीलाई अनिवार्य रूपमा रसिद उपलब्ध गराउने, सम्बन्धित वडा अध्यक्षले नगदी रसिद रूजु गरेर मात्र दस्तखत गर्ने व्यवस्था मिलाउने,
- गाउँपालिकाबाट समय-समयमा सम्बन्धित वडा कार्यालयहरूबाट जारी भएका सिफारिस पत्रहरूको अफिस प्रति एवं चलानी रजिष्टरसँग त्यस दिनको राजस्व रकम भिडाई छडके रूपमा अनुगमन एवं निगरानी गर्ने व्यवस्था मिलाउने,
- वडा कार्यालयलाई राजस्व संकलनमा प्रेरित गर्ने उद्देश्यले सबैभन्दा बढी राजस्व संकलन गर्ने वडाका जनप्रतिनिधि एवं कर्मचारीहरूलाई सम्मान गर्ने व्यवस्था मिलाउने,
- आगामी वर्षको बजेट निर्माण गर्दा प्रत्येक वडालाई प्रदान गरिने सिलिङका अतिरिक्त सम्बन्धित वडामा उठेको आन्तरिक राजस्व रकमको ५०% रकम सोही वडामा बढी सिलिङ प्रदान गर्ने,
- वडा कार्यालयहरूबाट सेवा प्रदान गर्दा कार्यालय परिसरबाटै निवेदन वापत रकम उठाएको भन्ने जनगुनासो प्राप्त भएको हुँदा अब उप्रान्त सबै वडा कार्यालय र गाउँपालिका कार्यालय परिसर भित्र बसी सेवा शुल्क असुल गरी लेखापढी व्यवसाय गरेको भए सम्बन्धित वडा अध्यक्षले निगरानी बढाइ उक्त कार्य तुरून्त बन्द गर्ने व्यवस्था मिलाउने । वडा कार्यालय र गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाह गर्दा सेवाग्राहीले पेश गर्नुपर्ने निवेदनको ढाँचा सम्बन्धित सेवाग्राहीलाई उपलब्ध गराई बिना शुल्क निवेदन पेश गर्ने व्यवस्था मिलाउने ।

७. **छुट कित्ताहरूको वर्गिकरण सम्बन्धमा,**

यस गाउँपालिकाबाट भएको जग्गा वर्गिकरणहरूमा कतिपय कित्ताहरू छुटेको भनि जनगुनासो प्राप्त भएकोले वर्गिकरणमा कित्ताहरू छुटेको भए १ हप्ताभित्र निवेदन पेश गर्न सूचना प्रवाह गर्ने, प्राप्त निवेदनहरू सम्बन्धित वडा कार्यालयमा संकलन गरी छुटफुट कित्ताको वर्गिकरण सम्बन्धी निर्णयका लागि एकमुष्ट रूपमा भू-उपयोग परिषद्मा पेश गर्ने ।

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

नवराज ढकाल
गा.पा. अध्यक्ष